# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, भदौ ३० गते, २०७९ साल (संख्या ३६


# भाग ३

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४९ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूचीमा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. अनुसूची-१ को,-

(१) खण्ड (क) को उपखण्ड (८) पछि देहायको खण्ड (८क) थपिएको छः-

"(८क) ५० किलोमिटरसम्म लम्बाइको राष्ट्रिय राजमार्ग वा सहायक सडकको चौडाइ वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्न ५

मुद्रण

हेक्टरसम्मको वन क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र तथा वातावरण संरक्षण क्षेत्रको वनको जग्गा प्रयोग गर्ने।"

(२) खण्ड (ङ) मा रहेका "यातायात क्षेत्र" भन्ने शब्दहरुको सट्टा "यातायात पूर्वाधार क्षेत्र" भन्ने शब्दहरु राखी सो खण्डको उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छ:-

"(१) ५० देखि २५० मिटरसम्म लम्बाइको पुल निर्माण गर्ने,"

२. अनुसूची-२ को,-

(१) खण्ड (क) को उपखण्ड (७) मा रहेका "विद्युत प्रसारण लाइन निर्माण" भन्ने शब्दहरु पछि "वा ५० किलोमिटरसम्म लम्बाइको राष्ट्रिय राजमार्ग वा सहायक सडकको चौडाइवृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने" भन्ने शब्दहरु थपिएका छन्।

(२) खण्ड (ङ) मा रहेका "यातायात क्षेत्र" भन्ने शब्दहरुको सट्टा "यातायात पूर्वाधार क्षेत्र" भन्ने शब्दहरु राखिएका छन्।

३. अनुसूची-३ को खण्ड (ङ) मा रहेका "यातायात क्षेत्र" भन्ने शब्दहरुको सट्टा "यातायात पूर्वाधार क्षेत्र" भन्ने शब्दहरु राखिएका छन्।

**आज्ञाले,**

**डा. पेम नारायण कंडेल**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार